महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

धुर्कोट गाउँपालिका
गुल्मी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः ६१

मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
धुर्कोट गाउँपालिका, गुल्मी

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....
नारायण एम.सी.
(नायव महालेखापरीक्षक)

बोधार्थः

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र गाउँपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८/७९
च.नं. ६१

मितिः२०७८।५।४

श्री अध्यक्ष्यज्यू,
धुर्कोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,गुल्मी ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले धुर्कोट गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.१ करोड २२ लाख ७४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१६ लाख ८६ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ५ लाख ८८ हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्छ्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना त्तीस (३०) यसै साथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

धुर्कोट गाउँपालिका
लेखापरीक्षण प्रतिबेदन
२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस धुर्कोट गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ८६.३२ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार ४५४ जनसंख्या रहेको छ ।

स्थानिय सञ्चितकोष : आर्थिक वर्ष २०७६।७७ स्थानिय सञ्चित कोष आय व्यय हिसाबको संश्रिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		7033608.80	१	**चालु खर्च**	251640392.00	251640392.00
	क) नगद	00	00	२	**पूँजीगत खर्च**	136035329.00	136035329.00
	ख) बैंक	3064267.80	00	३	**वित्तिय व्यवस्था भुक्तानी**		00
	धरौटी मौज्दात	3969341.00	00		क) ऋण भुक्तानी		00
	कल्याणकारी कोष मौज्दात	00	00		ख) ब्याज भुक्तानी		00
२	**राजस्व (आन्तरिक आय)**		51422278.00		ग) अन्य भुक्तानी		00
	क) आन्तरिक राजस्व	3813784.00	00	४	**लगानी**		00
	ख) राजस्व बाँडफाँड संघ	43424660.00	00		ऋण लगानी		00
	ग) राजस्व बाँडफाँड प्रदेश	4183834.00	00		शेयर लगानी		00
३	**वित्तिय हस्तान्तरण संघ**		325877000.00		अन्य लगानी		00
	क) वित्तिय समानीकरण अनुदान	91300000.00	00	५	**धरौटी फिर्ता**	100000.00	100000.00
	ख) सशर्त अनुदान	217590000.00	00	६	**जनश्रमदान फिर्ता**		00
	ग) समपूरक अनुदान	9400000.00	00	७	**कोष फिर्ता**	00	00
	घ) विशेष अनुदान	7587000.00	00	८	**मौज्दात**		10142893.80
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		40165000.00		क) बैंक मौज्दात	10142893.80	00
	क) वित्तिय समानीकरण अनुदान	4140000.00	00		ख) नगद मौज्दात		00
	ख) सशर्त अनुदान	8000000.00	00	९	**शसर्त अनुदान फिर्ता**		26042331.00
	ग) समपुरक अनुदान	15000000.00	00		क) संघिय अनुदान	22662656.00	00
	घ) विशेष अनुदान	13025000.00	00		ख) प्रदेश अनुदान	206875.00	00
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		00		ग) सामाजिक सुरक्षा	3172800.00	00
६	**अन्य**		00		घ) संघिय समपुरक		00
	क) क्षेत्रीय शहरी विकास योजना		00		ङ) संघिय समपुरक		00
	ख) सडक बोर्ड नेपाल		00	१०	**गत बर्षको बढी अल्या**		00
	ग) पर्यटन बोर्ड नेपाल		00	११	**जनश्रमदान मौज्दात**		00
	घ) एन एन एस डब्लु ए		00	१२	**धरौटी मौज्दात**	5845179.00	5845179.00
७	**विभिन्न कोषतर्फको आय**		00	१३	**कोष खाताको मौज्दात**		4523397.00
८	**विपद् व्यवस्थापन कोष**	11708695.00	11708695.00		क) विपद् व्यवस्थापन कोष	3523397.00	00
९	**कर्मचारी कल्याणकारी कोष**	1000000.00	1000000.00		कर्मचारी कल्याणकारी कोष	1000000.00	00
१०	**विषयगत निकायबाट प्राप्त**		00	१४	**अन्य व्यय**		96839885.00
११	**धरौटी आय**	1975838.00	1975838.00		क) कोभिड बिषेश कृषि कार्यक्रम	1695000.00	00
१२	**लगानीको साँवा फिर्ता**		00		ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग	793567.00	00
१३	**अन्य विविध आय**		100372685.00		ग) दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा	81414000.00	00
	क) कोभिड बिषेश कृषि कार्यक्रम	1695000.00	00		घ) स्थानिय पूर्वाधार बिकास साझेदारी	10100000.00	00
	ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग	793567.00	00		ङ) पर्यटन पूर्वाधार बिकास आयोजना	257318.00	00
	ग) दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा	84586800.00	00		च) जिल्ला समन्वय समिति	2580000.00	00
	घ) स्थानिय पूर्वाधार बिकास साझेदारी	10100000.00	00			96839885	00
	ङ) पर्यटन पूर्वाधार बिकास आयोजना	257318.00	00	१५	**विभिन्न कोषतर्फको खर्च**		8185298.00
	च) जिल्ला समन्वय समिति	2580000.00	00		विपद् व्यवस्थापन कोष	8185298.00	00
	छ) सूचना प्रविधि अधिकृत तलब	360000.00	00		प्रदेश बिभाज्य कोषमा दाखिला	200400.00	200400.00
	जम्मा		**539555104.8**		**जम्मा**		**539555104.8**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	वित्तीय विवरण विश्लेषण	
1.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातको हिसाब मिलान गरेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरि लेखापरीक्षणमा पेश भएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
2.	**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन । आर्थिक बिबरण बमोजिम मौज्दात रु २०५११४६९।८० उल्लेख छ । अत पालिकाले बैंक हिसाब मिलान बिबरण तयार गरिनु पर्दछ ।	
3.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • स्थानियकोष को संचालन, व्यवस्थापन र प्रतिवेदनमा एकरुपता र सुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) को व्यवस्थित तरिकाले प्रयोग गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ६ जनाको दरबन्दी रहेकोमा ६ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी रु.२९०५६८४१ तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
4.	**बैक नगदि किताव र बजेटसिट नराखेको :** पालिकाले कुनै पनि आर्थिक कारोवार गर्दा गोश्वरा भौचर उठाइ सो भौचर अनुसार बैंकनगदि किताव र बजेटसीट राख्नु पर्दछ तर पालिकाले कोष लेखा नियन्त्रक कार्यालयको भुक्तानी आदेश मार्फत खर्च लेखिन बजेट उपशीर्षकहरु राष्ट्रिय परिचयपत्र तथा पंजिकरण, ३१४०१०११३ र ३१४०१०११४, गरिव संग विशेश्वर कार्यक्रम ३३६००१०२३, स्थानीय पूर्वाधार विकास साझेदानरी कार्यम्रम ३६५००१०४३, सामाजिक सुरक्षा तथा संरक्षण ३१४०१०१२३ को गोश्वरा भौचर सम्म उठाउने गरेको सोको बैंकनगदिकिताव र बजेटसिट राख्ने गरेको छैन।अत : पालिकाले कुनैपनि आर्थिक कारोवार गर्दा गोश्वरा भौचर उठाइ सो अनुसार बैंक नगदि किताव र बजेटसिट राख्नु पर्दछ ।	
5.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
	बजेट तथा कार्यक्रम	
6.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री भिम बहादुर खत्री ले मिति २०७६।३।१० गते रु.४३ करोड २३ लाख२३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१५। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/४/१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
7.	**बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
8.	**बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
9.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

क.स	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	२५१६४०	६३७१८	७४५१२	११३४१०	८४१८०
२	पूँजिगत खर्चतर्फ	१३६०३५	७५५०	२२२५२	१०६२३३	६४८५३
	जम्मा	**३८७६७५**	**७१२६८**	**९६७६४**	**२१९६४३**	**१४९०३३**
	प्रतिशत		**१८.३९**	**२४.९६**	**५६.६६**	**३८.४४**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३८७६७५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.७१२६८ हजार अर्थात १८.३९ प्रतिशत, दोश्रो चौमासिकमा रु.९६७६४ हजार अर्थात

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	२४.९६ प्रतिशत र तेश्रो चौमासिकमा रु.२१९६४३ हजार अर्थात ५६.६६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१४९०३३ अर्थात ३८.४४प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	

10. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३६५७५०००	३२९६७२७८	६.८%
२	पूर्वाधार विकास	९५८३३०००	८५३६३३४९	१७.६२%
३	सामाजिक विकास	२८५९२६५१०	२६५६६३९६५	५४.८३%
४	बातावरण तथा विकास	८३१५०००	८२०१२०८	१.६९%
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	४२५००००	४२२२५०५	०.८८%
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	८९८०१३२०	८८०९७३०१	१८.१८%
	जम्मा	५२०७००८३०	४८४५१५६०६	

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५४.८३ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ०.८८ प्रतिशत रहेको छ ।

11. **खर्च बिश्लेषणः** पालिकाले यस वर्क्ष कूल आन्तरिक आयबाट रु.३८१३७८४/- राजश्व वाडफाडद र अनुदान बाट रु.४१३६५०४९४/- समेत रु.४१७४६४२७८/-आम्दानी भएकोमा चालु तर्फ रु.२५१६४०३९२/- र पूजिगत तर्फ रु.१३६०३५३२९/- समेत रु.३८७६७५७२१/- खर्च भएको छ । खर्च मध्यै आन्तरिक आयकव हिस्सा ०.९८ प्रतशत रहेको छ । यस वर्ष पदाधिकारी मा रु.६९५१०००/- खर्च भएको छ जुन आन्तरिक आयको १८२.२५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त सवै अनुदान र राजश्व वाडफाडको रकमबाट ६०.८३ प्रतिशत चालु र ३२.८९ प्रतिशत मत्र पूजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा वढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व वाडफाडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनु पर्दछ ।

12. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	बार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	३६३				३६३

संगठन तथा कर्मचारी ब्यवस्थापन

13. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित प्रशासनका सहायक स्तर पाँचौ समेत गरी ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>14.</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ६ पदमा २३ जना कर्मचारीहरु करारमा राखि रु.६१८४२५०/- खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>15.</td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१००००००/-ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.</td><td>१००००००</td></tr>
<tr><td>16.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>17.</td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>७</td><td>७</td><td>५</td><td>२</td></tr>
</table></td><td></td></tr>
<tr><td>18.</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>७१९</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१६६</td></tr>
</table></td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

बसाईसराई दर्ता	५५
विवाह दर्ता	२०४
सम्बन्धविच्छेद दर्ता	१२
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	०
ग्राभेल सडक मर्मत	०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

19. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाख सम्म	रु २ लाख देखि ५ लाख सम्मका	रु ५लाख देखि १० लाख सम्मका	रु १० लाख भन्दा बढीको	जम्मा
११६	७८	१०१	३३	३५	३६३

उपरोक्त विवरण अनुसार पालिकाले ३६३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धैरे योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

कानून निर्माण एवं कार्यान्वयन

20. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, २५ कार्यविधि लगायत ३८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले... वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

पदाधिकारी सुविधा

21. **पदाधिकारी पारीश्रमिक** - लुम्विनि प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्विनि प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.१२५१०००/- खर्च लेखेको देखिन्छ ।

बिवरण	अध्यक्ष	उपाध्यक्ष	वडाध्यक्ष ६	का पा सदस्य ६	सभासदस्य २४	जम्मा

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

			जना	जना	जना	
२०७६ श्रावणदेखि असौजसम्म	९००००	८१०००	३६००००	२१६०००	५०४०००	१२५१०००

22. **पदाधिकारीहरुलाइ चाडपर्व खर्च भुक्तानी** स्थानिय तहका पदाधिकारी सदस्यको सेवा सुविधा सम्बन्धि ऐन, २०७५ मा पदाधिकारीहरुलाई पारिश्रमिक वाहेक चाडपर्व भुकतानी गर्न मिल्ने नदेखिएकोमा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि कानूनमा संशोधन र एकिकरण गर्न वनेको विधेयक २०७६ मा व्यवस्था भएको भन्दा कृष्ण बहादुर सार्कीलाइ रु १२०००।०० भुक्तानी दिनुपर्नेमा रु २००००।० भूक्तानी दिएकोले बढि भुक्तानी भएको रु ८०००।०० असुल हुनुपर्ने रु — ८०००

23. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार लुम्विनि प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट प्राप्त बिबरण अनुसार देहाय बमोजिम रु.५७०००००।०० सुविधा वापत भुक्तानी भएको छ

सि.नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष..७ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य.२४ जना	जम्मा
१	बैठक भत्ता	१६०००	१६०००	१०००००	६८०००	८८०००	२८८०००
२	यातायात खर्च	००	००	६३००००	२७००००	५९४०००	१४९४०००
३	टेलिफोन,मोबाइल	००	००	१८९०००	१३५०००	४९५०००	८१९०००
४	पुस्तक,पत्रीका,ईन्टरनेट	३६०००	३६०००	१८९०००	१३५०००	३९६०००	७९२०००
५	समन्वय तथा सहजीकरण	९००००	७२०००	३७८०००	२२५०००	५९४०००	१३५९०००
६	अतिथि सत्कार	५४०००	४५०००	२५२०००	००	००	३५१०००
७	खानेपानी/बिजुली/सरसफाई	४५०००	४५०००	००	००	००	९००००
८	मर्मत	४५०००	४५०००	००	००	००	९००००
९	चाडपर्व खर्च	३००००	२७०००	१२००००	७२०००	१६८०००	४१७०००
	जम्मा						५७०००००

24. **निबृत्तभरणलाइ सुबिधा भुक्तानीः** स्थानीयतहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धित कानूनमा संसोधन गर्न बनेको विधेयक २०७६ को दफा नं.३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारवाही शुरु गरेको र मासिक सुविधा र पारिश्रमिक नलिएको पदाधिकारी वा सदस्यले सो सुविधा नलिएको मिति देखि स्थानीयतहको आन्तरिक श्रोत समेतको आधारमा यस ऐनमा उल्लेख भएको सुविधा पाउने छ भन्ने उल्लेख भए अनुसार पालिकाबाट प्राप्त बिबरण अनुसार देहायमा उल्लेखित निवृत्तभरण पाइरहेका वडा नं ७ का वडाध्यक्ष श्री हिम प्रसाद पन्थीलाइ २०७४ श्रावणदेखि २०७७ आषाढसम्म ३६ महिनाको रु.७०२०००/- भुक्तानी लिएको देखिन्छ । तसर्थ ऐनमा दोहोरो सुविधा लिन पाउने वा नपाउने सम्बन्धमा स्पष्ट व्यवस्था भएको देखिएन

नाम थर	यातायात	पत्रिका	टेलिफोन	अतिथि	जनसम्पर्क	जम्मा	चाडपर्व	कुल जम्मा
वडा नं २ का वडाध्यक्ष श्री हिम प्रसाद पन्थीलाइ २०७४ श्रावणदेखि २०७६ असौजसम्म	००	८१०००	८१०००	१०८०००	१६२०००	४३२०००	२४०००	४५६०००
वडा नं २ का वडाध्यक्ष श्री हिम प्रसाद पन्थीलाइ २०७६ कार्तिकदेखि२०७७ आषाढसम्म	९००००	२७०००	२७०००	३६०००	५४०००	२३४०००	१२०००	२४६०००
जम्मा	९००००	१०८०००	१०८०००	१४४०००	२१६०००	६६६०००	३६०००	७०२०००

25. **वैदेशिक भ्रमण** – दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका देहाएका पदाधिकारी बैदेशिक भ्रमणमा रु.६९२००/ खर्च भएको देखिन्छ । यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियममा उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिईएको

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

देखिएन ।

सि.नं.	बैदेशिक भ्रमणमा जानेको पद र नाम	भ्रमण गरेको देश	भुक्तानी रकम
	अध्यक्ष श्री भुपाल पोखेल	चिन	६९२००

26. **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.२६८२२८८/-खर्च गरेको छ ।

27. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.५३४८४१/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ

अनुदान फिर्ता, वितरण र उपयोग

28. **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु.३०७०३२३३/- मध्ये ०७७/०७८ को भाद्रमा रु.२२८६९५३१ मात्र फिर्ता भई बाँकि फिर्ता गर्नुपर्ने रु. ७८३३७०२

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२१७५९००००	१९१८३८१९२	२५७५१८०८
	विषेश	७५८७०००	७०९४७९१	४९२२०९
	समपुरक	९४०००००	५८९४२४२	३५०५७५८
प्रदेश सरकार	शसर्त	८००००००	७८६५६००	१३४४००
	विषेश	१३०२५०००	१२२०५९४२	८१९०५८
	समपुरक	१५००००००	१५००००००	
	जम्मा	**२७०७०२०००**	**२३९८९८७६७**	**३०७०३२३३**
	फिर्ता पठाएको			**२२८६९६३१**
	बाँकी			**७८३३६०२**

29. **ठेक्का व्यबस्थापन:**सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ । (रु.हजारमा)

कुन निर्माण खर्च	सोझौ खरिद		सिलबन्दि दरभाउपत्र		वोलपत्र		तेस्रो चौमासिकमा व्यवस्था भएको	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
३५०४९७६८	९	४१४१३३७	१०	८६२७९२४	१०	२२२८०५०७	२४	३०७२४२००

30. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	रु.१३६०३५३२९/-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	

31. **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारी साधन रु.२६८८००/- तथा ३ थान चार पांग्रे सवारी साधन खरिदमा रु.८०२००००/- बजेटबाट खर्च गरेको छ ।

सि.नं	सवारी साधन	संख्या	रकम
१	टाटा सुमव एम्बुलेन्स	१ थान	२६८८००
२	डवल क्याप पिकप	२ थान	५०२५०००
३	मिनि ट्रिपर	१ थान	२९९५०००
	जम्मा	४ थान	८२८८८००

कर दस्तुर एवं आन्तरिक आय

32. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३३०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.३८२३७८४ अर्थात अनुमान भन्दा ११५.५७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

33. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३८३८६१९३७	३८१३७८४	०.९९%

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

34. **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा१(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ।यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>35.</td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ।यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>36.</td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत,१५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा र पालिकाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी,जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>37.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>९००००</td><td>८१९४१</td><td>९१.०५</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>०</td><td>८१२००</td><td></td></tr>
<tr><td>व्यवसाय कर</td><td>३०००००</td><td>४५४१७५</td><td>१५१.४०</td></tr>
<tr><td>वहाल धरौटी कर/ अन्य वहाल कर</td><td>१५००००</td><td>६७२१७२</td><td>४४८.११</td></tr>
<tr><td>सरकारी सम्पती विक्रीलाई प्रापत रकम (नदिजन्य पदार्थको विक्रि बाट प्राप्त)</td><td>७७५०००</td><td>५०९०००</td><td>६५.६८</td></tr>
<tr><td>अन्य विक्री बाट प्राप्त रकम</td><td>१५००००</td><td>०</td><td>०</td></tr>
<tr><td>अन्यप्रशासनि सेवा शुल्क</td><td>११७००००</td><td>११५३९४३</td><td>९८.६३</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>५०००००</td><td>३१८२४७</td><td>६३.६५</td></tr>
<tr><td>प्रशासनिक दण्ड जरिवाना</td><td>३०००००</td><td>१९९५१५</td><td>६६.५१</td></tr>
<tr><td>अन्य विविध</td><td>०</td><td>३५१५९१</td><td></td></tr>
<tr><td>जम्मा</td><td>३३०००००</td><td>३८१३७८४</td><td></td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>38.</td><td>स्थानीय तहरूको विभाज्य कोष - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।	
	उपभोक्ता समिति मार्फत कार्य	
39.	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
40.	**लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
41.	**हेभी इक्विपमेण्टको प्रयोग** –सार्वजनिक खरिद नियमावली,२०६४को नियम९७(९) मा उपभोक्ता समिती वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा रोलर, एक्साभेटर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्यूटर, विटुमिन व्याइलर जस्ता हेभि मेशिन प्रयोग गर्न नपाईने, तर लागत अनुमान तयार गर्दको समयमा हेभी मेशिन पर्योग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको र सम्बन्धित प्राविधिको सीफारिसमा सार्वजनिक निकायबाट सहभती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । गाउपालिका द्वारा उपभोक्ता समिति मार्फत सडक निर्माण तथा मर्मत सुधार सम्बन्धि काममा तपसिल अनुसार देखिन आएको छ । (क) लेखापरीक्षणका समयमा पेश भएका ड्राइङ,डिजाइन, लागत अनुमान तथा सम्झौतामा हेभि मेशिन पर्योग गर्नु पर्ने जटिल प्रकृतिको कार्य हो भनि खुल्ने आधार/प्रमाण नपाइनुका साथै सम्बन्धित प्राविधिक वाट त्यस सम्बन्धि सीफारिश भएको देखिएन । (ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ ले उपभोक्ता समिति वा लाभग्रही समुदायलाई कार्य गराउनको लागी पुर्वशर्तको रुपमा राखेको दिगोपनाको अभिवृद्धिल विकास कार्यक्रमको बातावरण संगको अन्तरसम्बन्ध तथा निर्मित संरचनाको स्थायित्वलाई समावेश गर्ने सैद्धान्तिक परिवेशमा उपरोक्त अनुसार भारी उपकरण प्रयोगको अनुपाल बढ्दै जादा समग्र प्रकृतिक वातावरण क्षति हुने जोखिम देखिन आउछ । अर्को तर्फ सोहि दफाले परिकल्पना गरेको रोजगारी श्रृजना सम्बन्धि अवधारणा पनि संकट परेको देखियो । (ग) सार्वजनिक खरिद नियमावली, ०२६४ को नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकने छैन भनि स्पष्ट उल्लेख छ । त्यस्तै नियम ९७ (१३क) मा उपभोक्ता समिति वा	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	लाभग्रही समुदायले प्राप्त गरेको कुनै कममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै कामगर्न नदिने अभलेख राखी सो काम गर्ने निर्माण व्यावसायिलाई कालो सूचीमा राख्न सार्वजनिक रखिद अनुगमन कार्यालयमा सिफारीस गर्नु पर्ने स्पष्ट व्यवस्था छ । पालिकामा उपभोक्ता समितिले भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको विल भर्पाइ तथा निर्णय अनुसार अधिकांश सडकहरु हेभि मेशिन पर्योग गर्ने कार्य लागन अनुमान तयार गरेको र उपभोक्ता समितिले निर्माण व्यावासयी मार्फत काम गराएको देखियो ।उपभोक्ता समितिले स्थानीय श्रोत साधन र श्रम उपयोग नगरी निर्माण व्यावसयीबाट काम गराउदा परोक्ष्य रुपमा ठेक्कापट्टा भएको स्थिति छ । यसमा नियन्त्रण हुनुपर्छ । उपभोक्ता समितिले निर्माण कार्यको सम्झौता गरी निम्न निर्माण व्यवसायीबाट काम गराएको छ ।	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	निर्माण व्यवसायीको नाम	विल रकम
२१-०७६/९२७	तल्लो अवुवा वाघमारे खात रणेला सडक उ.स	३५००००	सुजाता कन्ट्रक्सन प्रा.लि	३८९८५०
२३-०७६/९/२८	सफल धनमुडा हाडहाडे सडक निर्माण उ.स	३०००००	हंसपुर रतनमारे कन्ष्ट्रक्सन प्रा.लि	३०००००
२८-०७६/९/२८	पिपलधारा सडक मर्मत	२४००००	सुजता कन्ट्रक्सन प्रा.लि	२४००१२
३९-०७६/१०/१४	खालखोला हाडहाडे सडक नि	४०००००	लुम्विनि निर्माण सेवा	४४७४८०
४४-०७६/१०/१४	वडा स्तरिय स८क कर्मत तथा स्तोरन्नति	५०००००	न्यू लिजा नि.सेवा	३४१२६०
८६-०७६/१०/१४	नयाँ गाँउ ठुल्दि वर्वोट सडक निर्माण योजना	४०००००	न्यू लिजा निर्माण सेवा	३११८८०
५८-०७६/१०/२७	उदिना पिपलधारा नदि सडक नि.यो	४०००००	सुजता कन्ट्रक्सन	३६१०००
७७-०७६/११/११	वडा स्तरिय मोटरबाटो मर्मत उ.स	५०००००	न्यू लिजा निर्माण सेवा	५००५९०
८१-०७६/११/११	वडा स्तरिय सडक मर्मत	४०००००	खङ्ग निर्माण सेवा	४३४१४६
८३-०७६/११/१२	नेटाखर्क कोप्से उल्लेयार घोस मोटरबाटो विस्तार योजना	४०००००	हंसपुर रतनमाई कन्स्ट्रक्सन	४४६१२४
८८-०७६/११/२०	वडा स्तरिय मोटरबाटो मर्मत उ.स	५४००००	खड्का छत्र निर्माण सेवा	४९०४२०
१२६-०७७/१/१८	रौतहट विलौटा चिलिखोला सडक निर्माण योजना	४०००००	खड्का छत्र मिर्माण सेवा	३३४४८०
१६५-०७७/३/१७	घुम्ति शिवालय वादरखर्क आरुपाटा इजर वरवला तल्लो खेल मैदान मोटर बटो निर्माण उ.स.	९६३८७२	सुजता कन्ट्रकस्सन	९०२८७०
१७२-०७६/३/२९	धनमुढा नाडिसडक उ.स	४५४४६७८	सपेहस्त कन्ट्रक्सन प्रा.लि	४५४४६८३

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
42.	**जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन् :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
७३-०७६/११/८	सामुदायिक रेडियो भवन निर्माइ उ.स	तला थप कार्य	१००००००
११७-०७७/१/१६ १९२-०७७/३/२६	खाल खनेपानी आयोजना उ.स	डिप वोरिङ	४६२२५४७
१४०-०७७/३/४	शित भण्डार निर्माण उ.स	सित भण्डार निर्माण	२७०००००
२१६-०७७/३/३१	सम्सेर स्मृति भवन निर्माण उ.स	भवन निर्माण	१५०००००
२१६-०७७/३/३१	गा.पा. प्रशासकिय भवन निर्माण उ.स	पहिलो तला	२३०४०००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
43.	**जनश्रमदान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको विल भुक्तानि दिदि लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, आभरहेड	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

कन्टिन्जेन्सि रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्ययवस्था छ जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समति मार्फत गराउदा उपभोक्ता समिति र पालिकाले व्यहोर्ने अंश उल्लख गरि सम्झौता भएको देखिन्छ तर निर्माण कार्य सम्पन्न गरी घटि मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टि गरी भुक्तानी दुनुपर्नेमा सो गरेको नदेखिएको देहाय अनुसारको रकम असूल हुनुपर्ने रु .

५७१६७

गोभौनं./मिति	उपभोक्ता समिति र काम	सम्झौता रकम	पालिकाले व्यहोर्ने रकम	कार्य सम्पन्न रकम	पालिकाले व्यहोरेको रकम	आनुपातिकले व्यहोर्ने रकम	असुल गर्नु पर्ने रकम
१८०-०७७/३२२	जैसी गाडे लिफटिङ खानेपानी यो.उ.स	२२३०६३२	२००००००	२२२३३६६	२००००००	१९९३४८५	६५१५
१८६-०७७/३/२४	गाउपालिका भवन जाने सडक नि.उ.स	९५५६४७	८५००००	८८५०८७	७९६५७८	७८७२४०	९३३८
१९८-०७७/३/२८	धुर्कोट क्षेत्र भिरठोक मैदान एक घर एक धारा खा.पा.यो.उ.स	५२१७६८०	४३५९५३७	५२०८३८१	४३६६८०२	४३५१७६७	१५०३५
२०५-०७७/३/२९	वडा स्तरिय खानेपानी एक घर एक धारा कार्यक्रम वडा नं-६	१११४९९६	१००००००	१००५३६८	९०४८३१	९०१६७८	३१५३
२१०-०७७/३/३०	एक घर एक घारा खा.पा.यो.धुर्कोट -४	११२२७९९	१००००००	१११३४८४	१००००००	९९१७०४	८२९६
२९२-०७७/३/३०	वडा नं. ६ कार्यालय तारबार उ.स	१३१५५६२	११८००००	१२८३१४५	११५४८३१	११५०९२३	३९०५
२१४-०७७/३/३१	छहारा छिलिम्टे चिप्ले पहरा चिसापानी सप्लिङ खानेपानी एकघर एक घारा योजना उ.स	१११५८७३	१००००००	८०३४८३	७२३१३५	७२००४९	३०८६
२१७-०७७/३/३१	समसेर स्मृति भवन निर्माण उ.स	१६७०९५६	१५०००००	१६६७५७३	१५०००००	१४९६९६३	३०३७
२१६-०७७/३/३१	खिम विक्रम स्मृति भवन निर्माण उ.स	१६७४५५४	१५०००००	११३२२९३	१०१९०६३	१०१४२६४	४७९९
						जम्मा	**५७१६७**

44\. **उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूलय अभिकृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिताको रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिका ले तपसिल वमोजिमको उपभोक्ता समितिले गरेको सडक निर्माण कार्य हेभि इक्युपमेन्ट द्धारा माटो चट्टान काट्ने कार्यमा १३% मूल्य अभिवृद्धि कर समावेश गरी लागत अनुमान बनाई मुक्तानी दिएको देखिएको ले उक्त रकम असुल गर्नुपर्ने रु.

७९७१५५

गो.भौ.न. मिति	उपभोक्ता समितिको नाम	कडामाटो(दर ५६/५०)	नरमचट्टान(दर)१८६/४५)	मध्यमचट्टान (दर ४५७/६५)	कडाचट्टान(दर १३७८)	जम्मा रकम	मुल्यअभिवृकर रकम
१४९-०७७/३/९	एक्ल् चौतारा धनर्जि सडक निर्माण उ.स	३०६९.६८	६६.०३			१८५७४८	२१३६९
१५७-०७७/३/१४	डिट्टापोखरा किमु खर्च नेटा स.नि.उ.स	३४०४.४९	५२.०५			२०२०५८	२३२४५
१६२-०७७/३१५	धनमुडा वनकाटे सडक नि.यो.	३८७७.९७	५८१.१२	९९.६३	१९.०८	३९९३४३	४५९४२
१६५-०७७/३/१७	घुम्ति शिवालय वादरखर्क आरुपाटा तल्लो खेल मैदान नन्दमारे मोटरबाटो विस्तार योजना उ.स	१३१७८	८३८.५२			९००८९९	१०३६४३
१७५-०७७/३/२२	सानीपिल्ली बाछछामारे अस्कुवा मोटरबाटो नि.यो.उ.स	१४८८.४४	१४८.२३	५१.२७		१३५१९८	१५५५३
१८८-०७७/३/२४	हुलाके भुवान नया गाउँ नि.यो.उ.स	४१९९	१८६.४५			२७२००७	३१२९२
२०४-०७७/३/२९	द्वानेटानाच्नेडाडाँध्वप्चेसडक नि.योजना	३६५१.०९	५८९.९७	२०६.७६		४१०९१०	४७२७२
१७२-०७७/३/२१	घनमुडा नाडी सडक उ.स	४०२९५.२४	३३४५.७५	९४८.५४	८७८.१८	४५४४६७८	५२२८३९
						जम्मा	**७९७१५५**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
45.	**वढी प्राविधिक मुल्याङ्कन गरेको** : ७३-०७६/११/८ सामुदायिक रेडियो भवन निर्माण उपभोक्ता समित संग लागत अनुमान रु.१११२३१९/- मा जनश्रम रु.११२३१९/- र पालिकाले रु.१००००००/- व्यहोर्ने गरी सम्झौता भई काम भएको प्राविधिक मूल्याङ्कन रु.११११५०१/- मा पालिकाले रु.१००००००/- खर्चलेखको फटवारीमा उपभोक्ता समितले **Black pipe** ३३० के.जि मात्र खरिद गरेकोमा प्राविधिक मूल्याङ्कन ४४०.६७ के.जी उल्लेख गरीएकोले वास्तविक खरिद भन्दा ७०-६७ केजी प्राविधिक मूल्याङ्कन भएको देखिएकोले लागत अनुमान दर प्रति के.जि रु.२१५८२० ले हुने रु.१५१९४/- मा सम्झौता अनुसार अनुपालिक हिसाव गरी सम्न्धित प्राविधिक लाई जिम्मेवार वनाइ उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.	१३६५९
	सशर्त कार्यक्रमतर्फ	
46.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.२४४९८६।०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छन ।	
46.1.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
46.2.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
46.3.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
46.4.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
46.5.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
47.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३३९ जनालाई रोजगारी उपलव्ध गराई रु.१९००१२४/- खर्च गरेको छ । लक्षित वर्गलाई ५ दिनदेखि १९ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । यस कार्यक्रममा भएको कुल खर्च रकममध्ये बिभिन्न वडा कार्यालयहरुमा देहाय अनुसार कार्यक्रम सञ्चालन गरी खर्च गरेकोमा देहाय अनुसार देखिएको छ ।

गो भौ नं र मिति	रकम	वडा नं	कैफियत
१४५।०७७।३।३१	२२४८९५	३	४ वटा योजनामा ३४ जनाले १२ दिन प्रतिदिन रु ५१७।०० ले भुक्तानी गरेकोमा काम गरेको मिति उल्लेख नभएकोले कामको सम्बन्धमा यकिन गर्न सकिएन ।
१४६।०७७।३।३१	१९१२९०	२	मिति २०७७।३।२१ देखि ३।२७ सम्म ६१ जनाले प्रतिदिन रु ५१७।०० ले भुक्तानी भएकोमा काम गरेको बिबरण नखुल्ने
१४७।०७७।३।३१	२२७४८०	१	काम गरेको मिति उल्लेख नभएको ४३ जनालाइ प्रतिदिन रु ५१७।०० ले भुक्तानी भएकोमा काम गरेको बिबरण नखुल्ने
१४८।०७७।३।३१	२३९४१५	४	काम गरेको मिति उल्लेख नभएको ४२ जनालाइ प्रतिदिन रु ५१७।०० ले रु २३००६५।०० भुक्तानी भएकोमा काम गरेको बिबरण नखुल्ने र रु ९३५०।०० को सामाग्री खरिद
१४९।०७७।३।३१	२०६८००	५	काम गरेको मिति उल्लेख नभएको ४० जनालाइ प्रतिदिन रु ५१७।०० ले भुक्तानी भएकोमा काम गरेको बिबरण नखुल्ने
१५१।०७७।३।३१	३२२३१०	६	काम गरेको मिति उल्लेख नभएको, ५० जनालाइ शौचालय निर्माण पोखरी निर्माण खेल मैदान निर्माण र घोरेटो बाटो निर्माण गरी प्रतिदिन रु ५१७।०० ले रु २९१०७१।०० भुक्तानी भएकोमध्ये खेल मैदान निर्माण र घोरेटो बाटो निर्माण वापतको रु १८६१२०।०० सम्बन्धित कामदारहरुलाइ नबुझाइ वडा अध्यक्षले एकमुष्ट रुपमा बुझिलिएको देखिएको र सामाग्रीमा रु ३१२३९।०० खर्च गरेको पाइयो ।
१५२।०७७।३।३१	२२७४८०	७	मिति २०७७।३।१६ देखि २५ सम्म ४४ जनाले काम गरी रु ५१७।०० को दरले भुक्तानी काम गरेको बिबरण नखुल्ने
१६१।०७७।३।३१	१४३३५४	गा पा परिसर मा	गा पा परिसरमा बिरुवा रोपण गरी रु ७५१५०।०० ज्याला भुक्तानी भएकोमा डोर हाजिर पेश नभएको र बाकी रु ९३०३४।०० सामाग्री खरिद गरिएको

समानीकरण पूँजिगततर्फ

48. **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु.१८८८९५७/- कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

49. **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।	

50. **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

51. **डीपीआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
वाग्ला नमुना वस्ति	**इगल्स सोलुसन प्रा.लि**	१५०००००	१४९४७०७	
पनाङ ठुल्दि पक्कि पुल	**वारतारा इन्जिन्यरीङ्ग कन्सलटेन्सि प्रा.लि**	१२०००००	११९६४४४	
जम्मा:		२७०००००	२६९११५१	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

52. **गो.भौ नं.-८ ,०७७/७/६** सिप्रदि ट्रेडिङ प्रा.लि मिति २०७६/६/२८ मा सम्झौता वमोजिम टाटा सुमो एम्बुलेन्स २ थान उपलब्ध गरायसकेको ले पेश्कि फछ्र्यौट को लागि निवेदन दिए अनुसार पेश्कि रु.२०२०६१०/- फ्छ्यौट गरेकोमा निम्न ब्यहोरा देखियो ।

(क) पेश्कि फछ्र्यौट साथ संलग्न भएको भन्सार प्रज्ञापन पत्र अनुसार प्रति एम्बवुलेन्स रु.८९०४६८/- र महसूल रु.९४७०/- गरी रु .८९९९३९/- ले खटाएको रु.१७९९८७८/- मो मूल्य परेको देखिन्छ । संलग्न फाटवारीमा सिप्रदिसंग भएको सम्झौता र सिप्रदिले जारी गरेको कर विजक संलग्न भएको छैन । अतः सिप्रदि संग भएको सम्झौता र कर विजक पेश गर्नुपर्ने अन्यथा पेश्कि फछ्र्यौट रकम रु.२०२०६१०/- मा भन्सार प्रज्ञापन पत्रमा उल्लख रु.१७९९८७८/- मा फरक रु.२२०७३२/- असूल गर्नु पर्ने रु. — २२०७३२

(ख) आयकर ऐन २०५८ को दफा ८९ अनुसार खर्च रकम रु.२२०७३२/-मा अग्रिमकर कट्टा नगरी पेश्कि फछ्र्यौट गरेको छ । अग्रमि कर वापत सिप्रदिबाट असुल हुनुपर्ने रु. — ३३१०

(ग) खरीद भएको एम्बुलेन्स घुर्कोट प्राथमिक स्वास्थ्य केन्द्र र हाडहाडे स्वा.चौकिमा हस्तान्तरण गरी पठाएकोमा सो स्वास्थ्य संस्थाले जिन्सि आम्दानि गरेको प्रमाण पेश हुनुपर्दछ ।

53. **विमा सम्बन्धमा** : सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११२(१) मा खरीद सम्झौतामा अन्यथा व्यवस्था भएको वाहेक १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण गर्ने निर्माण व्यवसायीले सामाग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्को पूर्ण प्रतस्थापन खर्च समेतको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकले विभिन्न निरमाण कार्यको वोलपत्र प्रक्रियाबाट निर्माण व्यवसायीहरु संग ठेक्का सम्झौता मा विमाको आइटम व्यवस्था भएको तर निर्माण व्यवसायीले विमा गरेको छैन ।

निर्माण व्यवसायीको नाम	कामको विवरण	सम्झौता मिति	सम्झौता रकम	भुक्तानी रकम	विमा रकम
गुल्मेलि कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लि	वरारुख नदि हाडहाडे लोहरी शाहिद खिम विक्रम नेपाली मोटर बाटो	०७६-११/१८	९२५५४५७	२३०१९६६	१००००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

	निर्माण				
पुष्पाञ्जलि निर्माण सेवा	हिमालय मा.वि.भवन	०७६/९/१३	३२९९१३३	३२५२१७०	१५०००
सुजाता कन्स्ट्रकसन कम्पनि प्रा.लि. श्रेष्ठ कन्स्ट्रकसन	ज्ञानोदय मा.वि.भवन नि. डिठ्ठा पोखरी किमखर्क द्वानेटा	०७६/९/१३	३२३५७५२	२२७२३५१	१५०००
गुल्मेलि कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लि	उदिना पिपलधारा नादि वर्बोट चौरासी सडक नि.योजना	०७६/११/७	२९७६४७७	१०३०६६७	१००००

54.	**प्रशासनिक खर्चको आधार** :- कार्यालयले प्रशासनिक कार्यको लागि बजेट विनियोजन गर्दा कार्यालयले गर्ने विभिन्न कार्य र सो कार्य गर्न खरिद गर्नु पर्ने सामान,सेवा वा महसूलको आधारमा कार्यालयको जनशक्ति,मातहतका वडा आदिलाई आधार लिनु पर्दछ ।कार्यालले प्रशासनिक खर्चमा रकम विनियोजन गर्दा लिएको आधार स्पष्ट भएन । प्रशासनि कार्यको लागि रकम विनियोजन गर्दा निश्चित आधारमा विनयोजन गरी न्यून प्रशासनिक खर्चमा अधिक उपलब्धि हुसल गर्नु पर्दछ ।	
55.	**प्रशासनिक खर्च सम्बन्धमा**:- कार्यालयको प्रशासनिक खर्च तर्फ चालू तथा पूँजीगत बजेटबाट कार्यालय संचालन, मेशिनरी औजार,फर्निचरमा पूर्वाधार विकास कार्यक्रम लगायतमा समेत प्रशासनिक प्रयोजनका लागि बजेट स्वीकृत भएको छ ।त्यस्तै नेपाल सरकारको शशर्त बजेट तथा प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम लगायतमा समेत प्रशासनिक कार्यका लागि रकम विनियोजन भएको छ । यस अतिरिक्त कार्यलयले निर्माण कार्यको कन्टेनजेन्सीबाट समेत प्रशासनिक कार्यमा खर्च गर्ने गरेको छ । विभिन्न शिर्षकबाट गरिएका प्रशासनिक खर्चको एकिकृत विवरण नराखिएकोले प्रशासनिक खर्चको विश्लेषण गर्न सकिएन । धेरै शिर्षकबाट प्रशासनिक खर्च गर्ने तर एकिकृत विवरण तयार नगर्दा कार्यालय संचालन लगायतम अनावश्यक खर्च हुन सक्ने,मितव्ययिता नहुने जस्ता जोखिम रहन सक्ने भएकोले आन्तरिक नियन्त्रण तथा पारदर्शिताको लागि सबै शिर्षबाट भएको प्रशासनिक खर्चको एकिकृत विवरण तयार गर्नु पर्दछ ।	
56.	**जिन्सी व्यवस्थापन** :- आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५० बमोजिम कार्यालयमा कुनै प्रकारबाट प्राप्त भएका जिन्सी सामानको लगत खडा गरी राखिएको जिन्सी मालसमान के कस्तो अवस्थामामा छन, कार्यालय प्रमुखले एक आर्थिक वर्षमा कम्तिमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्ता मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारीले वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । गाउँ कार्यपालिकाको कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन नियममा व्यवस्था भए बमोजिम निरिक्षण गराइ प्रतिवेदन लिएको पाइएन ।	
57.	**खरिद व्यवस्थापन** :- सार्वजनिक खरिद नियामवली,२०६४ को नियम ३ बमोजिम सार्वजनिक निकायले कुनै खरिद कार्वाही तयार गर्दा खरिद आवश्यकताको पहिचान माग संकलन गर्ने,खरिद सम्बन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न बजारमा प्रचलित खरिद संम्झौताको जानकारी लिने,अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसमान,निर्माण कार्य वा परामर्श सेवा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने,खरिद विवरण तयार, परिमाण र क्षेत्र यकिन गर्ने,खरिदलाई बढी सुविधाजनक समुह विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने, खरिद योजना तयार गर्ने,खरिदको लागत अनुमान तयार गर्ने,खरिदको आर्थिक स्रोत र रकम पहिचान गर्ने,खरिद विधि छनौट गर्ने व्यवस्था छ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन ।	
57.1	कार्यालयको दैनिक प्रशासन संचभालनको लागि चालु तथा पूँजिगत खर्च शिर्षकबाट मसलन्द,छपाई,विविध प्रकारका सामाग्री खरिदको लागि कार्यालय संचालनमा, मेशिनरी औजारमा,फर्निचरमा खर्च गरेको संघिय तथा प्रदेश सरकारको शसर्त बजेट बाट समेत विभिन्न सामान खरिद गरिएको छ । कार्यालयले सामान खरिदको लागि माग संकलन,लागत अनुमान तयारी,,सामानको प्रकृति अनुसार समुह विभाजन र प्रत्येक समूहको रकम परिमाण अनुसार खरिद विधि छनौट गरी खरिद गरेको पाईएन ।कार्यालयमा प्रयोग हुने कतिपय सामान कार्यालयबाट खरिद गरेको भए पनि विषयत शाखाबाट खरिद गरी कर्मचारीले सोधभर्ना माग गरेको तथा कतिपय सामान पेश्कीबाट खरिद गरेको देखियो ।त्यस्तै शिक्षा,कृषि,पशु,,सामाजिक विकासको लागि	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	छुट्याईएको अधिकांश बजेट संम्बन्धित शाखाका कर्मचारीले पेश्कीबाट खरिद गरेकोमा खरिद गरिएको रकम सम्बन्धित सप्लायर्स तथा सेवा उपलब्ध गराउनेलाइ दिएको भरपाइ वा बैंक ट्रान्सफर गरेको समेत देखिएन ।	
57.2	सामान प्रयोग गर्ने वा सेवाग्राहीलाई सामान वितरण गर्ने जिम्मा पाएको व्यक्तिले आफैं कार्यक्रम तयार गर्ने,आफै पेश्की लिने वा माल सामान पेश्किबाट खरिद गरी सोधभर्ना लिई आफै वितरण गर्दा आन्तरिक नियन्त्रणको अभावमा बजार मूल्य भन्दा बढीमा बस्तु वा सेवा प्राप्त हुन सक्ने भएकोले बस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार सोझै,दरभाउपत्र, सिलबन्दी दरभाउपत्र,बोलपत्र लगायतका उपयुक्त खरिद विधि छनौट गर्ने,बिक्रेतालाई सोझै भुक्तानी गर्ने लयागतका प्रक्रिया अवलम्बन गरी खरिद प्रणालीलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।	
57.3	सार्वजनिक खरिद नियमावली,२०६४ मा ५ लाख सम्मको मालसमान खरिद ३ आपूर्तिकर्ताबाट दरभाउपत्र लिई सबै भन्दा घटी रकम प्रस्ताव पेश गर्ने आपूर्तिकर्ताबाट खरिद गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले दरभाउपत्रबाट खरिद गरेका सामानको भुक्तानी दिएको भौचर साथ ३ दरभाउपत्र संलग्न गरेको भएपनि दरभाउपत्रको फोटोकपि संलग्न गरेको, तुलनात्मक तालिका बनाई स्वीकृत गराउने नगरेको,आपुर्तिकर्तालाई पत्राचार गरी दरभाउपत्र माग नगरेको, दरभाउपत्र बाट मालसामान खरिद गर्दा मौजुदा सूचीमा रहेका आपूर्तिकर्तालाई लिखित पत्राचार गरी सक्कल प्रति दरभाउ लिने प्राप्त दरभाउपत्र दर्ता गर्ने,तुलनात्मक तालिका तयार गर्ने लगायतका कार्य गरी खरिद प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ ।	
58.	**कार्यक्रमको अनुगमन** :- सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न सहकारी संस्थालाई बीउपूँजी अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

गौ.भौ.नं.र.मिति	रकम	विवरण	अनुदान पाउने
६९।०७७।३।१४ संघिय सशर्त	१७५०००	कुखुरापालन	वडा नं २ रिजाल टर्कि तथा कुखुरापालन फार्म
	१७५०००	कुखुरापालन	वडा नं ७ दाजुभाइ कुखुरापालन फार्म
	१७५०००	कुखुरापालन	वडा नं ५ अञ्जना पौल्ट्री फार्म
	१७५०००	कुखुरापालन	वडा नं ३ सामुहिक पशुपंक्षि फार्म
	१७५०००	कुखुरापालन	वडा नं ७ घिमिरे पौल्ट्री फार्म
	५००००	कुखुरापालन	वडा नं ७ पराजुली पौल्ट्री फार्म
	५००००	कुखुरापालन	वडा नं ७ गिरी फार्म
	५००००	कुखुरापालन	वडा नं ५ कोपिला पौल्ट्री फार्म
	५००००	कुखुरापालन	वडा नं ६ जुरेढुङ्गा कुखुरापालन फार्म
	५००००	कुखुरापालन	वडा नं ४ बस्नेत कुखुरापालन फार्म
	५००००	कुखुरापालन	वडा नं ५ रबिन्द्र कुखुरापालन फार्म
१००।०७७।३।८ मुख्यमन्त्रि	४८५०००	बाखापालन	खडकाटोल आपारा बाखापालन १५ घरधुरी
१०१।०७७।३।२८ मुख्यमन्त्रि	४८५०००	बाखापालन	दुर्गाभिवानी बाखापालन १५ घरधुरी
११०।०७७।३।२९ मुख्यमन्त्रि	८५३०००	कृषि तथा पशुपालन	अदुवा कृषि तथा पशुपालन समुह २० घरधुरी
१०९।०७७।३।२९ मुख्यमन्त्रि	५०००००	बाखापलन	थामडाँडा बाखापालन
१३०।०७७।३।३० मुख्यमन्त्रि	२८००००	मिनिट्रेलर	वडा नं १ का भागिरथ पोखरेल समेत ७ जना
२३।०७७।३।१८ गा पा कृषि चालु	१५००००	भैंसि फार्म गोठ सुधार	वडा न ३ का राम प्रसाद भण्डारी समेत ३ जना

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कृषि तथा पशु सेवा तर्फका कार्यक्रमहरु निश्चित प्रतिशत अनुदानमा संचालन हुने हुँदा कृषकसँग प्रस्ताव माग गरी कार्यालय र कृषकले व्यहोर्ने अनुदानको सम्बन्धमा स्पष्ट गरी कार्यक्रम संचालन गर्ने,कृषकले दिएको अनुदान रकमबाट उद्देश्य अनुरुपको कार्य भए नभएको सम्बन्धमामा अनुगमन गरी अनुदानलाई प्रतिफलमुखि बनाउनु पर्दछ</td><td></td></tr>
<tr><td>59.</td><td>बाँझो जगगा व्यवस्थापन पालिकाले यस आर्थिक वर्षदेखि बाँझो जग्गा व्यवस्थापन कार्यबिधि २०७७ स्वीकृत गरी धुर्कोट गाउपालिकालाइ खाद्य संकटबाट जोगाउन, सम्पूर्ण वडाहरुबाट बसाइ सराइलाइ कम गर्ने, परम्परागत कृषि प्रबिधि र उत्पादन प्रणालीका कारण सदियौ देखि खेति गरिएको तर केही वर्ष यता बाँझो रहेको भूमिलाइ व्यवस्थित गर्ने,गाउँपालिकामा रोजगारीको सृजना गर्ने आदी उद्धेश्यले कार्यबिधिको दफा नं ७ अनुसार कृषकहरुलाइ अन्नबाली र तरकारी खेतिको लागि प्रति रोपनी रु ४०००।००,फलफुल खेतिको लागि प्रति रोपनी रु ३०००।०० र विपन्न परिवारले आफ्नो स्वामित्वको वा लिज वा भाडामा बाझो जग्गा लिइ जुनसुकै खेति गरेमा प्रति रोपनी रु ५०००।०० का दरले अनुदान दिने र दफा नं १० मा अनुदान रकमको सम्बन्धमा अनुगमन गर्न गाउँपालिका अध्यक्षको अध्यक्षतामा ५ सदस्सिय अनुगमन समितिको व्यवस्था गरेको छ । तसर्थ यस वर्ष देहाय अनुसार रु २८८९०००।०० अनुदान दिएको पाइयो । यसरी दिएको अनुदान रकम सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।
<table>
<tr><th>गो भौ नं र मिति</th><th>रकम</th><th>अनुदान पाउने कृषकको संख्या</th><th>बिबरण</th><th>दर</th><th>कैफियत</th></tr>
<tr><td>३२।०७७।३।३१</td><td>११६१०००</td><td>४५</td><td>फलफुल खेति</td><td>३०००</td><td>प्रति किसान जग्गा कम्तिमा १ देखि २२ रोपनीसम्म दिइ कुल ३८७ रोपनीको लागि अनुदान दिएको</td></tr>
<tr><td>२६।०७७।३।३०</td><td>३६६०००</td><td>७</td><td>अन्नवाली</td><td>४०००</td><td>प्रति किसान जग्गा कम्तिमा ५ देखि ३० रोपनीसम्म दिइ कुल ९१.५ रोपनीको लागि अनुदान दिएको</td></tr>
<tr><td>३४।०७७।३।३१</td><td>१३६२०००</td><td>५३</td><td>अन्नवाली</td><td>४०००</td><td>प्रति किसान जग्गा कम्तिमा २ देखि २५ रोपनीसम्म दिइ कुल ९१.५ रोपनीको लागि अनुदान दिएको</td></tr>
<tr><td>जम्मा</td><td>२८८९०००</td><td>१०५</td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>60.</td><td><u>संघिय सरकारबाट हस्तान्तरित चालु</u>
सुरक्षित नागरिक आवास पालिकाको वडा नं ७ वाग्लामा शहरी बिकास तथा भवन निर्माण बिभाग संघिय आयोजना कार्यान्वयन इकाइ रुपन्देहीको कार्यक्रम अनुसार प्रथम र दोश्रो किस्ता रकम नारायण प्रसाद घिमिरेलाइ रु ५००००।०० र दोश्रो किस्ता वापत १८ जनालाइ रु २००००।०० का दरले रु ३६००००।०० गरी जम्मा रु ४१००००।०० गो भौ नं १३९।०७७।३।३१ बाट निजहरुको बैंक खातामा पठाएको छ । पालिकाले यस कार्यक्रमबाट दिएको रकमको लगत राखेको छैन । यसरी पठाएको रकमबाट आवास निर्माण भए नभएको सम्बन्धमा लागत अनुमान र प्राबिधिक मूल्यांकन पेश नभएको रु</td><td>४१००००</td></tr>
<tr><td>61.</td><td>जिन्सी मालसामानको आम्दानी आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ४७ को उपनियम १ मा कुनै प्रकारबट कार्यालयमा प्राप्त भएका जिन्सी सामानहरुको कार्यालयले प्रमुखले ७ दिनभित्र आम्दानी बाँधी श्रेस्ता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं १५६।२०७७।३।३१ बाट रु १३५८४८।०० को व्याट्री समेत अनमोल कम्प्यूटर्स तम्घासबाट खरिद भएका जिन्सी सामान जिन्सि किताबमा आम्दानी बांधेको नदेखिएकोले आम्दानी बाँधन छुट भएको पुष्ट्याइ र कारण सहित प्रमाण पेश गर्नुपर्ने रु</td><td>१३५८४८</td></tr>
<tr><td>62.</td><td>देउराली मा बि भनव निर्माण बिद्यालय भौतिक पूर्वाधार निर्माण अन्तर्गत वडा नं १ को देउराली प्रा बि भवन निर्माण गरी गो भौ नं ७७।०७७।३।१८ बाट रु ८०००००।०० रकम भुक्तानी भइ निर्माण काम सम्पन्न भएको प्रतिबेदनमा बिद्यालय व्यवस्थापन समितिको अध्यक्षको दस्तखत नभएको रु</td><td>८०००००</td></tr>
<tr><td>63.</td><td>पूरानो क्लष्टरलाइ भुक्तानी कागति खेति प्रवर्द्धन कार्यक्रम संचालन कार्यबिधि २०७५ को दफा नं ६ मा कृषक छनौटका बिभिन्न आधारहरुमध्ये कार्यक्रम माग गर्दा कम्तीमा २० रोपनी ब्लक हुनुपर्ने ४०० बिरुवा लगाएको हुनुपर्ने र लगाएको बिरुवा मरेमा सम्बन्धित कृषकले नै पुन लगाउनुपर्ने पूरानो ६ क्लष्टरका</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>बिरुवाहरुको लागि जिवित प्रति बिरुवा रु १००।०० को दरले गोडमेल लगायतको लिग अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले देहायमा उल्लेख गरिएको वडाका कृषकहरुलाइ गत वर्ष लगाएका पूरानो क्लष्टरका बिरुवामा मलजल गोडमेलको लागि गो भौ नं ८५।०७७।३।२५ बाट रु ३०४६००।०० भुक्तानी दिएकोमा कृषकहरुको जिबित बिरुवा कति थिए र एउटा क्लष्टरमा कार्यबिधि अनुसार बढीमा ४०० बिरुवा मात्र हुन सक्ने ति कृषकहरुले कागति बिरुवा लगाउनको लागि निजहरुसंग जग्गा भए नभएको लगायतका कागजात बिना भुक्तानी दिएको पाइकोले पालिकाले सम्पूर्ण कृषकहरुलाइ दिएको रकम यकिन गरी बढी भुक्तानी भएको रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ । साथै कार्यबिधिमा तोकिएको ४०० बिरुवा भन्दा बढी बिरुवालाइ प्रति बिरुवा रु १००।०० को दरले अनुदान दिन मिल्ने नदेखिएको रु.
<table>
<tr><th>गो भौ नं र मिति</th><th>रकम</th><th>कृषकको नाम र ठेगाना</th><th>अनुदान दिएको रकम</th><th>कार्यबिधिमाअनुसार ४०० बिरुवाको रकम</th><th>कार्यबिधिमा भन्दा बढी दिएको रकम</th></tr>
<tr><td rowspan="6">८५।०७७।३।२५</td><td rowspan="6">३०४६००</td><td>वडा नं ७ कृष्ण घिमिरे</td><td>६७५००</td><td>४००००</td><td>२७५००</td></tr>
<tr><td>वडा नं ७ नारायण गिरी</td><td>६३०००</td><td>४००००</td><td>२३०००</td></tr>
<tr><td>वडा नं ७ ऋषिराम घिमिरे</td><td>४३०००</td><td>४००००</td><td>३०००</td></tr>
<tr><td>वडा नं ३ थान बहादुर श्रेष्ठ</td><td>४७०००</td><td>४००००</td><td>७०००</td></tr>
<tr><td>वडा नं ४ दिलिप घर्ति मगर</td><td>४४७००</td><td>४००००</td><td>४७००</td></tr>
<tr><td>वडा नं ४ गुनकला पोखरेल</td><td>३९४००</td><td>४००००</td><td>००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३०४६००</td><td>२४००००</td><td>६५२००</td></tr>
</table></td><td>६५२००</td></tr>
<tr><td>64.</td><td><u>प्रदेश हस्तान्तरित पूँजीगत</u>
बहुउद्धेश्यिय सभाहल निर्माण यस गा पा को वडा नं ४ मा बहुउद्धेश्यिय सभाहल निर्माण गर्नको लागि शुरु लागत अनुमान रु ११९८५२३५।०० रहेको काम बोलपत्रको माध्यमबाट छनौट भएको आकृति मालिका कन्स्ट्रकस्न प्रा लि संग मिति २०७६।११।३० मा सम्पन्न गर्नेगरी रु ८६८५४३३।०० मा मिति २०७५।१२।३ गते सम्झौता भएकोमा ट्वाइलेटमा सि जि आइ सिटको रहेकोमा सो को ठाउँमा आर सि सि ट्वाइलेट निर्माण गरी संशोधित लागत अनुमान रु ११८१७१०२।०० तथा संशोधित सम्झौता रकम रु ९०५०९८२।०० कायम भइ गत वर्ष रु २४१९११४।०० भुक्तानी भइ सकेकोमा यो वर्ष निर्माण काम सम्पन्न भइ रु ६६३१८६८।०० समेत कुल भुक्तानी रु ९०५०९८२।०० भइ शुरु सम्झौता रकम भन्दा रु ३६५५४९।०० कार्यालय प्रमुखबाट मिति २०७६।११।११ मा भेरिएशन आदेश स्विकृत भएको छ । यस कामको लेखापरीक्षणमा सम्झौता फाइल बिल अफ क्वान्टिटि पेश नभएको कारण सम्झौता अनुसार दररेट तथा छुट सम्बन्धमा भिडान गर्न नपाएको कारण भुक्तानी रकमको सम्बन्धमा यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td></td><td>संघिय सशर्त , चालु</td><td></td></tr>
<tr><td>65.</td><td>भौ नं २७, ४२, ४६, ५७, ७६, १०८ ,मा विभिन्न मितिमा जय शिवशक्ती स्टोर्स लगायत अन्य आयल आपूर्तिकर्तासँग ३८५१।४२ लिटर डिजल र पेट्रोल रु ३९१६४५ खरिद गरेको छ।तर खरिद गरेको उक्त डिजिल पेट्रोलको लगबुकमा रेकर्ड तथा लगबुक प्रमाणित नभएको रु.</td><td>३९१६४५</td></tr>
<tr><td>66.</td><td>भौ नं ११, ०७६।६।१६, कार्यालय प्रायोजनका लागि चाहिएको रु १०६१४५ बराबरको मसलन्द तथा कार्यालय सामग्री बेगर कोटेशन प्रणालीको जेनिथ सोलुसनसँग रु ५१८४७ को र जेनिथ कम्प्युटरसँग रु ५२७९६ को समान सिधै खरिद गरेको पाइयो । साथै जेनिथ कम्प्युटरसँग सो रकम लगातार ५ दिनसम्म टुक्रा टुक्रामा खरिद गरेकोले छली गरेको मु अ कर असुल गर्नुपर्ने रु
<table>
<tr><th>खरिद गरको मिति</th><th>रकम</th><th>अग्रीम आयकर १।५%</th><th>मुल्य अभिवृद्धी कर १३%</th></tr>
<tr><td>२०७६।०६।०९</td><td>१२०००</td><td rowspan="4">८०६</td><td rowspan="4">६९६८</td></tr>
<tr><td>२०७६।०६।१०</td><td>१८५००</td></tr>
<tr><td>२०७६।०६।११</td><td>१९५००</td></tr>
<tr><td>२०७६।०६।१३</td><td>३६००</td></tr>
<tr><td>जम्मा</td><td>५३६००</td><td></td><td></td></tr>
</table></td><td>६९६८</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>आयकर</td><td>(८०६)</td><td></td><td></td></tr>
<tr><td>भुक्तानी दिएको रकम</td><td>५२७९६</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>67.</td><td>भौ नं २६, ०७७।११।२ पञ्चायन मा वि मा कक्षा ११ र १२ मा अध्धयनरत ६८ जना विद्यार्थीलाई रु २५० का दरले प्रदान गरेको बुक कर्नर अनुदान जम्मा रु.१७००० को निकासा गरेको तर सो रकम विद्यार्थीहरुले बुझेको भरपाई पेश गर्नुपर्ने रु</td><td>१७०००</td></tr>
<tr><td>68.</td><td>यस माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षाकका लागि तलब भता वितरण गर्दा निकासा भएको रकम माग फारम अनुसार वास्तविक तलब भता भन्दा बढी निकासा भएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>विद्यालयको नाम</th><th>भौचर नं र मिति</th><th></th><th>माग</th><th>भुक्तानी</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="3">पञ्चायन माध्यमिक विद्यालय,जैसिथोक</td><td></td><td>चौमासिक तलब भता</td><td>३६३५८१७</td><td></td><td></td></tr>
<tr><td></td><td>चाडपर्व खर्च</td><td>८१६९९५</td><td></td><td rowspan="6">३२४९३८</td></tr>
<tr><td></td><td>शिक्षकहरुको तलब भता</td><td></td><td>४७२२७५०</td></tr>
<tr><td rowspan="4">प्रथम चौमासिक तलब भता</td><td rowspan="4">२, ०७७।११।२</td><td>विद्यालय कर्मचारी तलब भता</td><td></td><td>५७५००</td></tr>
<tr><td>बालविकास कर्मचारी</td><td></td><td>६००००</td></tr>
<tr><td>कार्यालय सहयोगी</td><td></td><td>३७५००</td></tr>
<tr><td>जम्मा</td><td>४४५२८२२</td><td>४७७७७५०</td></tr>
<tr><td>दोश्रो चौमासिक तलब भता</td><td>२६, २०७६।११।२</td><td></td><td>३८२२४८७</td><td>३८२३१२९</td><td>६४२</td></tr>
<tr><td>तेश्रो चौमासिक तलब भता</td><td>६८, २०७७।३।८</td><td></td><td>३८९८९२५</td><td>३९३०१००</td><td>३११७५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३५६७५५</td></tr>
</table>
</td><td>३५६७५५</td></tr>
<tr><td>69.</td><td>भ्रमण खर्चः लुम्विनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको
कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको छ ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा सम्बन्धमा स्पष्ट हुन सकिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययिता कायम गरि खर्चमा नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ</td><td></td></tr>
<tr><td>70.</td><td>सामुदायिक विकासका लागि वाखा उद्यम परियोजना : पालिकाले गैह्र सहकारी संघ संस्था तथा निजि क्षेत्र विचको सहकार्यमा गरिवी निवारण दिर्घकालिन परियोजना संचालन गर्ने उदेश्यले कृषि तथा पशु वस्तुहरुको उत्पादन बृद्धि गरी रोजनागरी मूलक उद्दमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपाल संग मिति२०७६ मंसिर १५ देखि २०७९ आषाढ १६ सम्म परियोजनासंचालन गर्ने रु.४०४८४०३०/- मा ७५%ले रु ३०६६२११०/- पालिकाले व्यहोर्ने र वाँकी २५% रु १०१२१९२०/- संस्थाले व्यहोर्ने गरी सम्झौता भए अनुसार रु २७०९४७५/- यस वर्ष खर्च लेखेकोमा निम्न व्यहोरा देखियो ।</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	(क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा गैर सरकारी संसथाबाट काम गराउने को लागि त्यस्तो कामको आवश्यकता , किसिम, समयावधि ,कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यगत क्षेत्र शर्त र लाग्ने रकमको मोटामोटि अनुमान तयार गर्नुपर्ने व्यवस्था अनुसार पालिका ले त्यस्तव अनुमान तयार गरेको लेखापरीक्षणमा पपेश भएको छैन । (ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० अनुसार खुलारुपमा आशय पत्र मागगरी संक्षिप्त सुचि तयार तया प्रस्ताव आह्वान गरी के कति संस्था दर्ता भएकव हो सो सम्मबन्धि प्रमाण कागजात तथा निर्णय लेखापरीक्षणमा पेश हुन आएको छैन । (ग) समझौताको बुदा नं.७,२,९ मा परियोजना कार्यान्वयनका लागी परियोजना प्रस्तावमा उल्लख गरिएका स्थानीय साझेदार संस्था संग हेफर प्रोजेक्ट नेपालले छुट्टै सम्झौता गर्ने उल्लेख छ । बुदा नं.८ मा परियोजनाको वार्षिक लेखापरीक्षण आ.व समापन पछि नेपालको कानून बमोजिम लेखापरीक्षण गर्न योग्य चार्टड एकाउन्टेन्ट फर्मबाट गराउने उल्लख छ । त्यस्तै बुदा नं ९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७६ बमोजिम चौमासिक रुपमा अनुगमन मूल्याङ्कन गर्ने उल्लख छ । यस प्रकार सम्झौतामा उल्लख भए अनुसार हेफर प्रोजेक्ट नेपालले स्थानीय साझेदारहरुसँग सम्झौता गरी परियोजना संचालन गरेका प्रमाणहरु आ.व समापन पछि चार्टर एकाउन्टेन्ट फर्म बाटले खापरिक्षण गराइ प्रतिवेदनको प्रमाण र पालिकाले व्यवस्थापन तथा अनुगमन समितिबाट अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन समेत लेखापरीक्षणमा पेश भएको छैन । (घ) सम्झौताको बुदा नं.१२ मा सम्झौता कार्यान्वयका क्रममा सम्झौताका पक्षहरु विच कुनै बिवाद उत्पन्न भएमा दुवै पक्षले आपसी छलफल गरी बिवाद समाधान गर्नुपर्ने साथै कार्य क्षेत्रमा हुन सक्ने कुनै पनि वाधा, ब्यवधान, विवाद आदि समाधान गर्नु प्रथम पक्षको कर्तव्य हो र प्रथम पक्षको कावु वाहिरको परिस्थिति बाहेक यस प्रकारको गतिविधिबाट दोस्रो पक्ष,स्थानीय, गैर सरकारी साझेदारी संस्था, कर्मचारी तथा यी संग सम्बन्धित सरोकारबालहरुलाई हुने हानी, नोक्सानी आदि भएमा सो को सम्पूर्ण, लागत क्षतिपुर्ती आदिमा जिम्मेवार प्रथम पक्षको हुने भनि सम्पूर्ण क्षतिको जिम्मवारी प्रथम पक्ष पालिकालाई बनाई गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपाल क्षेति तथा हानी नोक्सानीको दायित्वबाट पन्छिएको अवस्था छ अत : यस प्रकारको बुदा संसोधन गरी हेफर प्रोजेक्ट नेपाल र पालिकाको जिम्मेवार स्पष्ट किटान हुनुपर्छ ।	
71.	**कोभिड विशेष कृषि कार्यक्रमः** कोभिड-१९ का कारण भविष्यमा वेरोजगारी बढ्न र दिर्घकालमा खद्य संकट पर्न सक्ने बढी प्रभाविन भएका ज्यालादारी, मजदुर र साना कृषकहरुलाई व्यावसायिक खेती, रोजगारी तथा आय आर्जनमा सघाउने र भारत लगायत विदेशबाट आउने तरकारी आयातलाई घटाई व्यापार घाटामा पनि कम गराउन कोभिड लक्षित व्यावसायिक तरकारी प्रवद्धन कार्यक्रम संचालन तथा वैदेशिक रोजगारीमा गई भारत लगायत अन्य देशबाट फर्केर युवाहरुलाई कृषि क्षेत्रमा रोजगारी श्रृजना गरी भविष्यमा आउन सक्ने खाद्यय संकटको समस्या समाधान गर्न समेत सहयोग पुग्ने उद्देश्य राखी विदेशबाट फर्केका र व्यावसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम संचालनको लागी आर्थिक वर्षको अन्त्यमा रु.१६९५०००।०० प्राप्त गरी प्रति व्यक्ति रु.१००००।०० देखि रु ३००००।०० सम्म ले ९९ जनालाई रु.१६९५०००।०० खर्च लेखेको छ । पालिकाले यस कार्यक्रम बाट सहयोग पाउनेहरुको विवरण अभिलेख राखी निरन्तरता दिए नदिएको अनुगमन गरिनु पर्दछ ।	
	सामाजिक सुरक्षातर्फ	
72.	**सामाजिक सुरक्षातर्फ बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
73.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।	
74.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ ।	
75.	मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ ।	
	विपद् व्यवस्थापन	
76.	**कार्ययोजना :** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७(२) तथा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमाली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषद/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरि स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने बजेट विनियोजन गर्न लगाउने सवै पक्षको समन्वय र संलग्न गराउने ।विपद पुर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने ऐन वमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अध्यावधिक गर्ने विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागु गरी गर्ने, गराउने सम्बन्धि व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ ।	
77.	**विपद् व्यवस्थापन कोष —** विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा २३ (१४) मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहका विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको संचालन सम्बन्धि व्यवस्था सम्बन्धित स्थानीयतहले वनाएको नियममा तोकिए वमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत आम्दानी रु.११७०८६९५/- म रु.८१८५२९८/- खर्च भई वाँकि रु.३५२३३९७/- भएको छ । उक्त खर्चमा विपद व्यवस्थापन तर्फ ७०३०१५/- र कोभिड -१९ तर्फ रु.७४८२२८३/- खर्च भएको उल्लेख गरिएको छ ।	
78.	**वार्षिक प्रतिवेदन—** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ,४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
79.	**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।	
80.	**आन्तरिक लेखापरीक्षणबाट कायम वेरुजु :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानिय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदन	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	औल्याइएको विषय वस्तुहरु सुधार भए नभएको परिक्षण गर्न तथा आवश्क कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्दछ र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने उल्लेख भएतापनि पालिकाले आन्तरीक लेखापरीक्षण सम्म गरेकोमा आ.ले.प. को प्रतिवेदनमा उल्लेखनिय व्यहोराहरु उल्लेख गरेको नपाईएकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी रुपमा गर्नु गराउनु पर्दछ।एंवम ऐनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदनमा औल्याइएका विषय वस्तुहरु सुधार भए नभएको परीक्षण गर्ने तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गरेको पाईएन । अतः पालिकाले लेखापरीक्षक समिति गठन गरी आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषय बस्तुहरु सुधार भए नभएको परीक्षण तथा आवश्यक कारवाही गरी प्रमुख समक्ष पेश गर्नु पर्दछ ।	
81.	**पेश्की बाँकी** : आर्थिक कार्विधि नियमावली २०६४ को नियम ११३(५) अनुसार पेश्कि फछ्यौंट हुनु पर्छ । पालिका ले निम्न बमोजिम निर्माण व्यवसायीहरुलाई मोविलाइजेशन पेश्कि स्वरुप फछ्यौंट हुन वाकी देखिएकोले नियमानुसार फछ्यौंट हुनुपर्दछ ।	

क्र.सं	निर्माण व्यवसायीको नाम	पेश्कि रकम	ठेक्का निर्माण
१	गुल्मेली कन्ट्रक्सन एण्ड सप्लायर्स	२९७०००	उदिना पिपल धारा नदी वर्वोट चौरासी मो.वा
२	गुल्मेली कन्ट्रक्सन एण्ड सप्लायर्स	९२५०००	बराहरुख नदि हाडहाडे लोहरी शहिद खिम विक्रम नेपाली मो.वा.
३	श्रेष्ठ कन्ट्रक्सन	९३५०००	धुर्कोट टेवा पर्खाल तथा पैदल मार्ग नि.सेवा
	जम्मा	**२१५७०००**	

82. **कोभिड -१९ तर्फ :**

(१) कोभिड- १९ रोकथाम नियन्त्रणमा २०७७ आषाढ ससान्तसम्म रु.११७०८६९५/-प्राप्त भई रु. ८१८५२९८/- खर्च गरी बाँकी रु.३५२३३९७/- उल्लेख गरी आम्दानी खर्चको विवरण प्राप्त भएको छ ।

बजेट / आम्दानीको श्रोत	रकम	खर्च शीर्षक	रकम
प्रदेश संचित कोषबाट	१००००००	राहत वितरण	२७९२५६५
स्थानीय तहको आफ्नै वजेटबाट विनियोजन भएको	४९९००००	क्वारेन्टिन होल्डीङ्ग सेन्टर निर्माण व्यवस्थपान	१०१२८८७
मूख्यमन्त्री ग्रमिण विकास कार्यक्रम वाट रकमान्तर	१३१२५००	आइसोलेसन केन्द्र निर्माण व्यस्थापन	१६५८४८५
स्थानिय पूर्वाधार विकास साझेदारी विकास कार्यक्रमबाट	३५३२६४२	जनशक्ति परिचालन	५३१०००
जनप्रतिनिधि कर्मचारी तथा शिक्षक हरुको पारिश्रमिकबाट	७५२९५३	औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री	७९५१७६
अन्य विभिन्न श्रोत वाट	१२०६००	अन्य विविध शिर्षकमा भएको खर्च	६१२१७०
		स्वास्थ्य पुर्वाधार निर्माण	८००००
		अन्य विपदतर्फ नियमित राहत खर्च	७०३०१५
		बाँकी रकम	३५२३३९७
जम्मा	११७०८६९५	**जम्मा**	११७०८६९५

(क) पालिकाले विपद् तर्फ नियमित खर्च भएको रु.७०३०१५/- कोभिड-१९ को खर्चमा समावेश गरी उल्लेख गरेको छ ।

(ख) पालिकाले शीर्षकगत आम्दानी खर्चको अभिलेख नराखेकोले आम्दानी खर्चमा उल्लेख गरिएका खर्च हरु भिडान गर्न सकिने स्थिति छैन । अत : पालिकाले शिर्षकगत आम्दानी गत आम्दानी खर्चको अभिलेख राख्ने पर्दछ ।

(ग) स्वास्थ्यकर्मी हरुलाई दिइएको जोखिम भत्ता खर्च रु.१७३४३९२/- कोभिड-१९ को आम्दानी खर्चमा समावेश गरेको छैन ।

83. **जोखिम आंकलन र पूर्व तयारी**ः पालिकाले कोभिड-१९ महामारीको जानकारी पश्चात गर्नुपर्ने तयारीहरु प्रवेश विन्दुमा निगरानी, प्रवेश विन्दुमा स्क्यानीङ्ग, समुदाय तह स्क्यानिङ्ग, इमरजेन्सि रेस्पोन्स टिम परिचालन क्वारेन्टाइन व्यवस्थापन, आइसोलेशन केन्द्र स्थापना सम्बन्धित का कार्यहरुको कार्ययोजना तयार गरि कार्य गर्ने गरी कार्ययोजना तयार गरेको छैन ।

84. **जोखिम भत्ताः** नेपाल सरकार द्वारा जारी भएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को दफा ७ (ङ) मा अनुगमन मूल्याङ्कन तथा व्यवस्थापन मा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकराले तोकेको शूरु तलव स्केलको ५०% र कन्ट्याक्ट ट्रेसिङमा खटिएका स्वास्थ्य कर्मी क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५% जोखिम भता प्रदान गर्न सक्ने व्यवस्था छ । पालिकाले ४८ स्वास्थ्यकर्मीलाई रु.१७३४३९२/- जोखिम भत्ता खर्च लेखेको विवरणमा उल्लेख छ ।

85. **क्वारेन्टिन र आइसोलेशन व्यवस्थापनः-** पालिकाले वडास्तरीय ४४ वटा क्वारेन्टिन होल्डिङ सेन्टर मा २४० वेड संख्या राखिएको दैनिक रुपमा अधिकतम ५४ जना बसेको र आषाढ मसान्त सम्म क्वारेन्टिन मा ८०४ जना वसेको विवरणमा उल्लेख गरिएको छ । देवी स्थान प्रा.वि.मा विशेष आइस्योलेसन र प्रत्येक वडा मा गरी ९० वेड संख्या मा रहेको, दैनिक रुपमा वसेको अधिकतम संख्या २० जना र आषाढ मसान्त सम्म आइसोलेशनमा ७६ जना वसेको विवरणमा उल्लेख गरी उक्त क्वारेन्टिन होल्डिङ सेन्टर आइसोलेशन व्यवस्थापनमा क्रमश : रु.१०१२८८७।०० र १६५८४८५/- गरी रु.२६७१३७२/- खर्च गरेको छ । पालिकाले क्वारेन्टिन र आइसोलेशनका लागी तत्काल आवश्यक सामाग्री र पदको लागी आवश्यक सामाग्रीको आवश्यकता पहिचान गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था नअपनाई कर्मचारी तथा पदाधिकारी मार्फत खर्च गरी सोध भर्ना दिने गरी खर्च लेखेको छ ।

86. **राहत वितरण सम्बन्धमा :**

(क) पालिकाले तत्काल गुजारा चलाउन नसक्ने परिवारका लागि राहत उपलब्ध गराउन आवश्यक विवरण तयार गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ मा

वशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था अनुसार खरिद नगरी वडा कार्यालयका कर्मचारी/पदाधिकरीहरु मार्फत आपूर्ति कर्तावाट सोझै रु.१२५२५६३/-को राहत सामाग्री खरिद गरी वितरण गरेको देखियो ।

वडा नं.	गो.भौ.नं. मिति	कर्मचारी / पदाधिकारीको नाम	रकम	राहत पाउने संख्या
१	१८-०७७/१/२१	सुर्य प्रसाद खनाल	१७८९६०	११८
२	१९-०७७/१/२१	सुर्य प्रसाद खनाल	१६६१००	११०
३	२१-०७७/१/२१	नारायण प्रसाद पन्थि	१८९३०६	१०८
४	२९-०७७/२/२७	सुवास पन्थी	१७७३३०	१०५
५	२२-०७७/१/२१	मिन वहादुर घर्ति	१९१२००	१२०
६	०७७/१/१०	मिन वहादुर घर्ति	१८४८००	११०
७	२७-०७७/२/२७	गंगा बहादुर घिमिरे	१६४८८९	११०
		जम्मा	**१२५२५८५**	**७८१**

(ख) दोस्रो चरणको राहत वितरण गर्न श्रमिकहरुलाई काममा लगाय प्रतिदन ५००/-का दरले पारिश्रमिक ५ दिनको पारिश्रमिक राहत स्वरुप डोर हाजिर फारमवाट वडाका कर्मचारी/पदाधिकारी मार्फत खर्च लेखिएको छ । पालिकाले राहत आवश्यक पर्ने जनसमुदाय वडागत रुपमा तथ्याङ्क संकलन नगरी निम्न कर्मचारी/पदाधिकारी मार्फत राहतका लागि काममा डोर हाजिरबाट रु.१६३००००/- खर्च लेखिकएको देखियो ।

वडा नं.	गो.भौ.नं. मिति	कर्मचारी /पदाधिकारीको नाम	संख्या	खर्च रकम
२	३३-०७७/३/१	सुर्य प्रसाद खनाल	११६	२९००००
४	२८-०७७/२/२७	सुवास पन्थि	१०३	३२५०००
५	५०-०७७/३/१६	मिन वहादुर घर्ति	७६	२८००००
६	३०-०७७/२/२७	मिन वहादुर घर्ति	११०	२७५०००
७	२६-०७७/२/२६	गंगा बहादुर घिमिरे	१८४	४६००००
		जम्मा	**५८९**	**१६३००००**

(ग) निम्न वडाका कर्मचारी/पदाधिकारीले राहत स्वरुप डोरहाजिरमा काम लगाएकव भन्दा बढी खर्च भुक्तानी लिएकव देखिन आएकोले निजहरुबाट असुल हनुपर्ने रु. १५७५००

वडा	गो.भौ.नं. मिति	कर्मचारी/पदाधिकारी	कामदार संख्या	दर	दिन	खर्च हुने रकम	खर्च रकम	वढी खर्च
४	२८-०७७/२/२७	सुवास पन्थि	१०३	५००	५	२५७५००	३२५०००	६७५००
५	५०-०७७/३/१६	मिन बहादुर घर्ति	७६	५००	५	१९००००	२८००००	९००००
		जम्मा				**४४७५००**	**६०५०००**	१५७५००

87. **केश अनुसन्धान तथा कन्ट्र्याक खोजपड्ताल** : पालिकाबाट प्राप्त विवरण अनुसार केश अनुसन्धान तथा खोजपडताल मा ३२ जना खटिएको कन्ट्याक मा आएकाहरुको व्यति पहिचान ९८६ केश अनुसन्धान गरिएको उल्लेख छ ।

88. **औषधि, स्वास्थ्य सामागरी एवं उपकरण खरिद**ः पालिकले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि तत्काल र पछि आवश्यक पर्ने औषधि तथा स्वास्थ्य सामाग्री एवं उपकरणको आवश्यकताको पहिचान गरी विवरण तयार गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था अनुसार खरिद नगरी पटक पटक निम्न आपूर्तिकर्ताहरु वाट रु.२४६२०४३/-को खरिद गरेको छ । पालिकाले त्तकाल र पछि आवश्यक पर्ने औषधि तथा स्वास्थ्य सामाग्री एवं उपकरणको आवश्यकता पहिचान गरी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार व्यवस्थित तवरले खरिद गर्नुपर्दछ ।

गो.भौ.नं. मिति	आपूर्तिकर्ताको नाम	रकम	खरिद मध्ये मुख्य सामान	परिमाण	दर
२४-०७७/१/३१	महेश फर्मा लगायत ५वटा वाट	४८५२३६	मास्क		३५
३९-०७७/३/५	कर्ण्ण इन्नरनेशनल	९०४००	पि.पि.इ.सेट	२०	४५२०
४७-०७७/३/१५	शरण मेडिसिन डिस्ट्रिव्युटर्स	५१४६७८			
५५-०७७/३/१८	विएन आल्मुनियम	८००००	चेकिङ वुथ	१	८००००
५७-०७७/३/१९	समुद्र मेडिकव फर्मा	४९४१६			
६२-०७७/३/२२	शर्ण मेडिसिन डिस्ट्रिव्यटर्स	५००००	KN95 मास्क	४० पिस	५००
६५-०७७/३/२४	एम.पि.एस ट्रेडर्स	४८५६७४	हस्पिटल बेड	२०	१७२००

				मेट्रेस	२०	४२९०	
	६५-०७७/३/२४	महेश फर्मा	४९२९५६				
	६७-०७७/३/२४	श्रेपन ट्रेडर्स	२१३६८३	पि.पि.ई. सेट	२५ सेट	५००	
		जम्मा	२४६२०४३				

अनुसुची १

धुर्कोट गाउँपालिका
सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७६/०७७

(रु. हजारमा)

क्र.स.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
			१	२	३	४	५	(२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	धुर्कोट गाउँपालिका	गुल्मी	७०३४	३६६०४२	४७६०९	३८१४	११५०५८	५३९५५७	२५१६४०	१३६०३५	१३१३६९	५१९०४४	२०५१३

अनुसुची २

बेरुजु बर्गीकरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

क्र.स	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमिति गर्नुपर्ने					पेश्की		
			सैंद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजत पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	गुल्मी	धुर्कोट गाउँपालिका	८३	२२	१२५३९	०	५	१६५	८३	१७	१२२७४	१६८६	०	१०५८८	०	०	१०५८८	०	०	०

अनुसुची-३

अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)

क्र.स	स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाँकी	यो बर्ष सं.प.बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	धुर्कोट गाउँपालिका	गुल्मी	२६७७०	०	२६७७०	०	१२२७४	३९०४४